कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः २३ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७५/०९/२९

## भाग - २

## *युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि–२०७५*

### प्रस्तावना

कृषि तथा पशुपंक्षीजन्य क्षेत्र तथा उद्यमशिलतामा आधारित दैनिक जनजीवनमा आवश्यक पर्ने : तरकारी खेती, बाख्रा पालन, गाईपालन, वंगुरपालन, जस्ता रोजगारमुलक कुखुरापालन जस्ता रोजगारमूलक पेसाहरू र प्लम्विङ्ग, ईलेक्ट्रिसियन, हेयर कटिङ्ग तथा व्युटिपार्लर, सिलाईबुनाई आदी व्यावसाय; शिक्षित, अर्धशिक्षित तथा बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीको अवसर श्रृजना गर्न, विदेशबाट फर्केका युवायुवतीहरुको सिप र कार्य दक्षतालाई उपयोग गर्दै स्वरोजगार वनाउन, लक्षितवर्गको उधमशील क्षमताको विकास गर्न, परम्परागत सिप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वान्छनीय भएकोले कनकाई नगरपालिकाको प्रशासकीय कार्र्यविधि नियमित गर्ने ऐन २०७४ ले

दिईएको अधिकार प्रयोग गरी कनकाई नगरपालिकाको कार्यालयले युवा स्वरोजगार सम्बन्धि देहायबमोजिमको कार्यविधि बनाएको छ ।

## परीच्छेद १ :

### प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भ** (क) यस कार्यविधिको नाम “कनकाई नगरपाललिकाको युवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि २०७५ रहेको छ ।”

(ख). यो कार्यविधी कनकाई नगरपालिकाबाट स्विकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

### २.परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) कोष भन्नाले “कनकाई नगरपालीकाको युवा स्वरोजगार कोष” भन्ने सम्झनु पर्छ ।

(ख) समिति : दफा ४को उप दफा(१) बमोजिम गठन भएको “कनकाई नगरपालिकाको युवा स्वरोजगार

कोष” संञ्चालन समिति सम्झनु पर्नेछ ।

(ग) “सहकारी संस्था”भन्नाले सहकारी ऐन २०७४ तथा प्रदेश तथा सम्वन्धित स्थानीय तहमा

नियामानुसार दर्ता भई कनकाई नगरपालिकामा समेत कार्य क्षेत्र भएको सहकारी संस्था सम्झनु पर्दछ ।

(घ) “थोक कर्जा ” भन्नाले लक्षित वर्गमा प्रवाह गर्ने गरी नगरपालिको युवा स्वरोजगार कोषबाट सहकारी संस्थालाई दिईने सहुलियत कर्जा सम्झनु पर्दछ ।

(ङ)“लक्षित वर्ग” भन्नाले दफा ६ वमोजिमको मापदण्ड भित्र पर्ने नगरक्षेत्र भित्र बसोबास गरीरहेका आर्थिक दृष्टिले कमजोर तथा बिपन्न वर्गलाई सम्झनु पर्नेछ ।

**३) कोषको उद्देश्यः** देहायबमोजिम हुनेछ ।

क) नगरपालिकाबाट स्थापना गरिएको युवा स्वरोजगार कोष तथा अन्य संघ संस्था मार्फत प्राप्त भएको रकमलाई एउटा कोषमा राखिने छ र सहुलियतपूर्ण ब्याजदरमा उक्त कोषबाट यस कनकाई नगरपालिका क्षेत्रमा कर्जा परिचालन गर्ने ।

ख) बिपन्न वर्गको आर्थिक सामाजिक उत्थानका लागि सहायक हुने आवश्यक कार्यहरु गर्ने ।

ग) कोषमा आवद्ध भई लक्षित वर्गमा कर्जा प्रवाह गरेका सहकारी संस्थालाई संचालन स्वःसक्षमता हासिल गर्न सहयोग गर्ने ।

**४) कोष संचालनको व्यवस्था** १) कोषको संचालन यस नगरपालिकाले बनाएको युवा स्वरोजगार कोषको अध्यक्षको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरु रहने गरी संचालन गरिने छ ।

क) नगरपालिकाको प्रमुख संरक्षक

ख) नगरपालिकाले तोकेको नगरसभाको सदस्यः अध्यक्ष

ग) नगरपालिकाले तोकेको नगरसभाको ३ जना सदस्यः सदस्य

घ) नगरको सहकारी सम्बन्धि विज्ञ वा आर्थिक समितिको प्रमुख सदस्य

ङ) युवा स्वरोजगार फाँट हेर्ने नगरपालिकाको शाखाअधिकृतः सदस्य सचिव

२) आवश्यकता अनुसार समितिको बैठकमा बढिमा दुई जना सम्मलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

३) समितिले आफ्नो बैठक सम्बन्धि सम्पूर्ण कार्यबिधि आफै निर्धारण गर्न सक्ने छ ।

**५) समितिको कार्य देहायबमोजिम हुनेछ**

क) दफा ३ को खण्ड (क) बमोजिम प्राप्त पुंजी परिचालनका लागि आवश्यक व्यवस्था गर्ने ।

ख) कोषबाट उपलब्ध गराइने कर्जा लगानी, असुली तथा व्यवस्थापनका सम्बन्धमा नीतिगत निर्णय गर्ने ।

ग) कोषको उद्येश्य प्राप्तीका लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यविधि तयार गरि लागु गर्ने ।

घ) कोषको कार्य सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार समिति तथा उपसमिति गठन गर्ने ।

ङ) कोष संचालन सम्बन्धमा परिआउने अन्य नीतिगत निर्णय गर्ने ।

च) कोषमा प्राप्त रकमको आवश्यक व्यवस्था गर्ने ।

छ) कोषको संचालन सम्बन्धमा परिआउने अन्य संचालन तथा नीतिगत पक्षहरुको अध्ययन गर्ने, गराउने ।

६) सहकारी वा अन्य वित्तिय संस्था मार्फत नगरपालिकाले उपलब्ध गराएको कोष संचालन एवं व्यवस्थापन सम्बन्धि अन्य कार्यहरुको लागि अख्तियारी अनुसुची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।

७) कोषको सचिवालयको काम कनकाई नगरपालिकाको युवा स्वरोजगार कोषको सदस्य सचिवले गर्ने छ ।

## परिच्छेद २

## *सहकारी तथा गैर सहकारी संस्थाहरु मार्फत लक्षित वर्गमा प्रवाह हुने कर्जा सम्बन्धिव्यवस्था*

### ७) कर्जाको उद्देश्य

यस निर्देशिकाको दफा ३ को खण्ड (क) को उद्देश्य परिपुर्तिका लागि लक्षित वर्गमा प्रवाह हुने कर्जाको उद्देश्य देहाय बमोजिम रहेको छ :–

क) आर्थिक दृष्टिकोणले विपन्नवर्गको आयस्तर सुधार गर्न स्वाबलम्वनको भावनाबाट उनिहरुलाई उत्पादनशिल एंव श्रममुलक कार्य संचालनको लागि कर्जा सहयोग उपलब्ध गराउने ।

कनकाई राजपत्र

ख) नगरपालिका क्षेत्रभित्र बचत परिचालन गराई त्यस्तो बचतलाई उत्पादन मुलक कार्यमा सदुपयोग गर्न सहयोग पुऱ्याउने ।

ग) नगरपलिका क्षेत्रभित्र  स्वावलम्बन सम्बन्धि प्रयासको संरक्षण एवं प्रर्वद्धन गर्ने ।

**६) लक्षित वर्गः** १) कोषबाट सहकारी तथा गैर सरकारी संस्थाहरु मार्फत प्रवाह हुने थोक कर्जा विपन्न तथा आर्थीक रुपमा पिछडिएका लक्षित वर्गले मात्र पाउने छन् ।

२) लक्षित वर्गको पहिचान गर्दा निम्न लिखित मापदण्डलाई आधार लिनुपर्ने छ :

क) आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयस्रोत नभई वर्षभरि खानलाउन नपुग्ने व्यक्तिको घर, र

ख) सरकारी निकाय वा अन्य बैंक तथा वित्तीय संस्थाबाट संञ्चालित आयमूलक कार्यक्रमद्धारा कर्जा सहयोग प्राप्त गरी तिर्नु पर्ने बाकी कर्जा नदेखिएको व्यक्ति वा घर परिवार

**७) संस्थाको योग्यताः** (१)यस निर्देशिकाको दफा ३ को उद्देश्य परिपुर्तीका लागी सहकारी संस्थाले कोषबाट निर्धारित प्रक्रिया पुऱ्याई थोक कर्जा लिन सकिनेछ ।

२)कोषबाट प्रबाह हुने यस्तो कर्जा लिन निवेदन दिने सहकारी संस्था मध्ये न.पाबाट छनौट भएका सहकारी संस्थाले देहायका शर्तहरु पालना गरेको हुनु पर्नेछ :

क) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको सहकारी संस्था, :

ख) खण्ड (क) बमोजिम संस्था दर्ता भई कम्तिमा २ वर्ष अगाडि देखी आफ्ना सदस्यहरुबाट बचत सङ्कलन र कर्जा प्रबाह गर्ने कार्य प्रदान गर्ने कार्य गर्दै आईरहेको सहकारी तथा गैर सरकारी संस्था,

ग)संस्थाको विनियम/विधानको उद्देश्य तथा कार्यमा बचत संकलन गर्न सक्ने, आयमुलक व्यवसाय सञ्चालन गर्न ऋण प्रदान गर्ने, तथा अन्य निकायबाट,ऋण प्राप्त गर्न सक्ने प्रावधान रहेको ,

घ) संस्थाबाट आफ्ना सदस्यहरुलाई प्रवाहित गरको कर्जामध्ये  उठाउन बाँकी कर्जाको सम्बन्धमा सम्बन्धित संस्थाले निर्धारण गरको नीतिअनुसार हुने,

ङ) आफ्ना शेयर सदस्यहरुमध्ये कम्तिमा पचासी प्रतिशत (८५%) सदस्यहरुबाट नियमित बचत संकलन गरको,

च) सहकारी संस्थाको आर्थीक कारोवार नेपाल सरकार, सहकारी विभागले निर्धारण गरेको मापदण्ड अनुरुपको प्रचलित दोहोरो लेखा प्रणाली अनुसार राखेको तथा पछिल्लो आर्थीक वर्षको हर-हिसाब बाह्य लेखापरीक्षकद्वारा लेखापरीक्षण भएको ,

छ) संस्थामा कर्जा प्रस्ताव पेश गर्दा अस्वीकृत भएको भए त्यस्तो अघिल्लो कर्जा प्रस्ताव अस्वीकृत भएको मितिले एक वर्ष नाघिसकेको ,

ज) सहकारी संस्थाको संकलित शेयर पुँजी (चुक्तापुँजी) रकम संस्थाको विनियममा उल्लेख भएको कुल शेयर पुँजीको कम्तिमा पचास प्रतिशत भएको ,

झ) भाखा नाघेको कर्जा किस्ता रकम बराबर वा सो भन्दा बढि हुने गरि ऋण जोखिम कोषमा रकमको

व्यवस्था भएको,

ञ) पछिल्लो आर्थिक वर्षमा संस्था खुद नाफामा सञ्चालन भएको तथा सञ्चित नोक्सानी नरहेको ,

ट) शेयर पुँजी न्यूनतम **एक करोड** रुपैया भएको ,

ठ) आफु सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैक बाहेक समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा नगरेको ,

ड) एकै परिवारबाट एकभन्दा बढी व्यक्ति एउटै संस्थाको सञ्चालन समिति तथा लेखा समितिको कुनै पदमा नरहेको,

ढ) बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचिमा परेको व्यक्ति सञ्चालन समिति वा लेखा समितिको कुनै पदमा नरहेको,

ण) सहकारी संस्थाको हकमा कार्यक्षेत्र एक जिल्ला भन्दा बढी नभएको ,

त) संस्थाको सदस्य संख्या प्रत्येक वर्ष वृद्धि हुदै गएको ,

थ)संस्थाको प्रत्येक वर्ष लेखा परीक्षण भएको र उक्त संस्था नाफामा रहेको ,



कानुनी सुचना

द)संस्थाको नियमित वचत गर्ने सदस्य **८५ प्रतिशत** रहेको ,

ध)संस्थाले कोषबाट प्राप्त गरेको विगतको कर्जा भुक्तान गरि कोषबाट अनुदान समेत प्राप्त गरेको र

न)संस्थाले प्रदान गरेको कर्जामा कम्तीमा **९५ प्रतिशत** रकम भाका ननाघेको ।

६.**सहकारी संस्थाको लागी कर्जा लगानी तथा असुली नीति** कोषबाट कर्जा प्रदान गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाइने छ ।

क) कोषबाट कर्जा प्रदान गर्दा संस्थाले अनुसूची २ बमोजिमको विवरण तथा कागजातहरु कोष समक्ष पेश गर्नु पर्नेछ । यसरी कर्जा पेश गर्दा कर्जा लिन चाहेका प्रत्येक सदस्यको अनुसुची ३ बमोजिमको व्यक्तिगत अनुसुची फारम र अनुसुची ४ बमोजिमको कर्जा लिन चाहने सदस्यहरुको विवरण समेत संलग्न गर्नु पर्नेछ ।

(ख) कर्जा माग गर्न अनुसूची-४ बमोजिमका सदस्यहरू संस्थाको नियमित बचत कर्ता हुनुको साथै निजहरूले कर्जा लिएको भए भाखा ननाघेको हुनु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिम प्रस्ताव पेश भएपछि कोषबाट अनुसूची-५बमोजिम स्थलगत पूर्व लगानी संभाव्यता अध्ययन गरी सो सम्बन्धी निरीक्षण प्रतिवेदनका आधारमा कजा स्वीकृत गरिनेछ ।

(घ) संस्थाले समान प्रकृतिका कर्जा र निक्षेपको ब्याजदर निर्धारण गर्दा विभेदकारी व्यवस्था गरेको हुन नहुने तथा बचत निक्षेपमा दिने ब्याजदर र कर्जामा लिने ब्याजदरको अन्तर उच्च हुन नहुने ।

(ङ) खण्ड (ख) बमोजिम संभाव्य देखिएका संस्थाहरूलाई कोषको तर्फबाट देहाय बमोजिम कर्जा उपलब्ध हुनेछ ।

च)प्राथमिक पूँजी अन्तरगत देहायका शीर्षकमा रहेका रकम समावेश हुनेछः-

छ) निक्षेप संकलन गर्ने र कर्जा प्रदान गर्ने कार्य आफ्ना सदस्यहरुको बीचमा मात्र सिमित गरेको ।

ज) संस्थाबाट तोकिएका शर्तहरु पालना गर्ने मञ्जुर गरेको कबुलियतनामा पेश गरेको ।

सहकारी संस्थातर्फ

(१) शेयर पुँजी

(२) जगेडा कोष रकम

(३) सञ्चित नाफा/नोक्सान

(झ) खण्ड (च) बमोजिम गणना गरिएको रकममा संस्थाले संकलन गरेको बचत र अन्य संस्थाबाट लिएको ऋण सापटी घटाई खुद स्रोत परिचालन क्षमता गणना गरी कोषबाट बढीमा उक्त रकमले खामेसम्मको रकम मात्र कर्जा प्रदान गरिनेछ । संस्थाले आफूले लगानी गर्ने रकमको समेत व्यवस्था गर्नु पर्नेछ ।

(ञ) कोषबाट कर्जा लिई तोकिएको समयमा चुक्ता गरी पुनः कर्जा माग गर्दा संस्था आफैले पूर्व लगानी निरीक्षण गरी विगतको कारावारको समीक्षा गरी सोबाट ऋणी सदस्यहरूको आय-आर्जन तथा सोमा परेको प्रभावको सम्बन्धमा समेत उल्लेख गर्नु पर्नेछ ।

(ट)कोषबाट स्वीकृत कर्जा सहकारी तथा गैर-सरकारी संस्थाल खण्ड ( ग) को अधिनमा रही आफ्नो सदस्यहरूलाई दफा ७ बमोजिमको व्यवसाय सञ्चालन गर्न प्रति सदस्य बढीमा **एक लाख पचास हजार** रुपैयाँ सम्म कर्जा प्रदान गन सक्नेछ ।

(ठ) दोस्रो पटकको कर्जा सदुपयोग गरी राम्रो ख्याती कमाएका ऋणी सदस्यले सामूहिक रूपमा कुनै लघु उद्यम सञ्चालन गर्न चाहेमा त्यस्ता सामूहिक परियोजनाका लागि प्रति परियोजना बढीमा **पाँच लाख** रुपैयाँ सम्म प्रदान गर्न सकिनेछ ।

***(ड) कोषबाट स्वीकृत गरिएको उपरोक्त कर्जा परियोजनामा देहाय बमोजिम लगानी गर्नु पर्नेछ :-***



कानुन पत्र

(१) कोषबाट प्राप्त कर्जाबाट बढीमा असी प्रतिशतसम्म ।

(२) संस्थाका आँफ्नो स्रोतबाट न्यूनतम बीस प्रतिशत ।

***(ढ) कोषबाट स्वीकृत भएका कर्जा वितरण व्यवस्था देहाय बमोजिम हुनेछः-***

(१) कोषबाट स्वीकृत भएका कर्जा **सत्तरी हजार** रुपैयाँ सम्म एक किस्तामा र सोभन्दा बढी रकमको हकमा सामान्यतया समान रूपमा दुई किस्तामा उपलब्ध गराइनेछ ।

(२) उपखण्ड (१) बमोजिम किस्ता उपलब्ध गराउँदा कोषबाट प्रदान भएका अघिल्लो किस्ताको सदुपयोगिता सम्बन्धमा सम्बन्धित संस्थाले अनुसूची-६ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गरी सदुपयोग भएको देखिएमा मात्र बाँकी किस्ता उपलब्ध हुनेछ । आवश्यक देखिएमा यस्तो सदुपयोगिता निरीक्षण समिति आफैले समेत गर्न सक्नेछ ।

(ड) कोषबाट स्वीकृत भएको कर्जा सम्बन्धित संस्थालाई उपलब्ध गराउँदा देहाय बमोजिमको प्रक्रिया अपनाइनेछ :-

(१) संस्थाले अख्तियारी दिएको व्यक्तिबाट तमसुक गराउने ।

(२) साक्षीको रूपमा संस्थाको तर्फबाट एक जना सदस्य हुनुपर्ने ।

(३) कोषबाट उपलब्ध गराइने रकम संस्थाको बैंक खाता मार्फत उपलब्ध गराइने ।

(४) उपखण्ड (३) बमोजिमको खातामा कोषको सचिवालय वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त रकम जम्मा गराइने ।

**(ढ)कोषबाट स्वीकृत कर्जा प्राप्त गर्न संस्थाबाट देहायका कागजातहरू कोषलाई उपलब्ध गराउनु पर्नेछ :-**



कानून किताब

१.कर्जा लिने सम्बन्धमा संस्थाको संचालक समितिको निर्णय र अख्तियारी दिइएको निर्णयको प्रतिलिपी ।

२.अख्तियारवालालाई परिचय गराउन संस्थाले लेखेको दस्तखत नमूना सहितको पत्र ।

(३) संस्थाको सञ्चालक समितिका सदस्यहरू (परिवर्तन भएको अवस्थामा मात्र) लगायत

अख्तियारवालाको नागरिकताको प्रमाण- पत्रका प्रमाणित प्रतिलिपि ।

(४) कर्जा माग गर्दा रकम र सोको प्रयोजन खुलाएको हुनुपर्ने ।

**(ण) कर्जा असुली सम्बन्धी व्यवस्थाः**

(१) कोषबाट प्रवाहित कर्जाको भुक्तानी अवधि ग्रेस अवधि सहित बढीमा तीन वर्षको हुनेछ । यस्ता कर्जाको किस्ता अवधि छ/छ महिनाको हुनेछ ।

(२) कोषबाट प्रवाहित कर्जाको पहिलो किस्ताका ग्रेस अवधि बढीमा छ महिनासम्म हुनेछ र सो अवधिको ब्याज लाग्ने छैन ।

(३) दोस्रो किस्तादेखि ग्रेस अवधि उपलब्ध हुने छैन ।

(४) कोषबाट प्रवाहित कर्जाको पहिलो किस्ता तमसुक गरेको महिनाबाट बाह्र महिनाको अन्त्यमा र दोस्रो, तेस्रो, चौथो तथा पाचौं किस्ता क्रमशः अठारौं, चौबीसौं , तीस तथा छत्तिसौं महिनाको अन्त्यमा असुल गरिनेछ । कोषबाट उपलब्ध गराइने कर्जाको ६०% कृषिक्षेत्रमा र बाँकी ४०% गैर कृषिक्षेत्रमा बाँडफाँड गरिनेछ ।

(५) संस्थाले कोषबाट लिएको कर्जा चुक्ता गरी पूर्णरूपमा राफसाफ गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको सञ्चालक समितिको हुनेछ ।

कानुन किताब व्यवस्था समिति

(६) कोषलाई तिर्नुपर्ने रकम असुल उपर हुन नसकेमा यस्ता रकमलाई नेपाल सरकारको बाँकी बक्यौता सरह सम्बन्धित संस्थाका सञ्चालक समिति/कार्य-समितिका सदस्यहरूबाट दामासाहीले असुल उपर गरिनेछ।

**त) कोषबाट लिएको कर्जाको भूक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ :-**

१.कनकाई नगरपालिकाको नाममा रहेको खाता न.............मा नगद जम्मा गरेको सकल भौचर कोषमा पेश गर्नु पर्नेछ।

२.सम्बन्धित सहकारी मार्फत उपरोक्त खाता नं. ....... मा जम्मा हुने गरी रकम दाखिला गरेर यसरी जम्मा भएको रकमको कनकाई नगरपालिकामा तुरुन्त जानकारी दिनु पर्नेछ।

***७. सञ्चालन हुन सक्ने उद्यम तथा सेवा व्यवसायहरू :–***

कोषबाट प्रवाह हुने कर्जाबाट स्थानीय स्रोत साधन र सिपको अधिकतम उपयोग गरि लक्षितवर्गको आम्दानी एवम् रोजगारी बृद्धिमा सघाउ पुऱ्याउने देहाय बमोजिमका व्यवसाय वा कार्यहरू सञ्चालन गर्न सकिने छ :

क) तरकारी खेती लगायतका साना तिना कृषि व्यवसाय ,

ख) पशुपक्षी पालन,

ग) स्वरोजगार मूलक एवम् आयमूलक व्यवसायहरू : हेयरकटिङ्ग लगायतका सानातिना व्यवसाय

घ) मत्स्यपालन

ङ) अन्य (ब्युटीपार्लर, सिलाई बुनाई, प्लमविङ्ग, इलेक्ट्रीसियन इत्यादी)

***८. सहकारी तथा गैर- सरकारी संस्थाका दायित्व :***

(क) कोषबाट प्राप्त हुने कर्जा लक्षित वर्गको आयस्तर सुधार गर्न सहायक हुन स्वरोजगारमूलक उद्यम तथा सेवा व्यवसायहरू सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछ।

(ख) संस्थाले लक्षित वर्गलाई नियमित रूपमा बचत गर्न प्रोत्साहित गर्नु पर्नेछ र संकलित बचत रकम बचतकर्ताहरूको हितका लागि सञ्चालन हुने आय तथा स्वरोजगारमूलक व्यवसायहरूमा प्रयोग गर्नु पर्नेछ।

(घ) संस्थाबाट लगानी भएका कर्जाको सदुपयोग भए/नभएको नियमित रूपमा अनुगमन गर्नु पर्नेछ ।

(ङ) लक्षित वर्गलाई आवश्यक पर्ने सीपमूलक तथा व्यवस्थापन सम्बन्धी तालीमहरू उपलब्ध गराउनु पर्नेछ ।

(च) संस्थाका कारोवारको लेखापरीक्षण नियमित तवरले स्वीकृति प्राप्त लेखापरीक्षकबाट अनिवार्य रूपमा गराउनु पर्नेछ ।

(छ) कोषले मागेका विवरणहरू नियमित रूपमा पेश गर्नु पर्नेछ ।

(ज) कोषबाट कर्जा स्वीकृत भएका सदस्यहरूलाई तोकिए बमोजिम कर्जा लगानी गर्नु पर्नेछ । विशेष परिस्थितिपरि सदस्य परिवर्तन गरी लगानी गर्नु परेमा अनिवार्य रूपमा कोषको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(झ)परियोजना कर्जाको हकमा परियोजना चक्र अनुसार र पशुपालन कार्यमा (गाई, भैंसी, बाख्रा आदिमा) प्रदान गरिने कर्जा एकै किस्तामा वितरण गर्नु पर्नेछ ।

(ञ) उपरोक्त खण्ड (झ) को कर्जा कोषबाट प्राप्त कर्जा परियोजना वा सामूहिक जमानीमा उपलब्ध गराउनु पर्नेछ ।

(ट) संस्थाका कारोवारका प्रगति विवरण अर्ध-वार्षिक रूपमा (असार र पुष)अनुसूची-७ अनुसार अनिवार्य रूपमा कोष समक्ष पेश गर्नु पर्नेछ । यस्तो विवरण प्रत्येक अर्ध-वार्षिक समाप्त भएका एक महिनाभित्र कोषमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

(ठ) कोषबाट सहकारी तथा गैर-सरकारी संस्थाले कर्जा माग गर्न डुबन्ते ऋण कोष खडा गरेका हुनु पर्नेछ ।

(ड) संस्थाले कोषबाट लिएको कर्जा किस्ता भुक्तानी तालिका अनुसार समयमा तिर्नु पर्नेछ । कर्जा नतिरी भाखा नाघेमा कोषले आफ्नो प्रयोजनको लागि त्यस्ता संस्थालाइ कालोसूचीमा राख्न सक्नेछ ।

**९.निरीक्षण तथा अनुगमन :** सहकारी तथा गैर-सरकारी संस्थाबाट पेश हुन आएका कर्जा प्रस्ताव उपर कोषको तर्फबाट स्थलगत पूर्व लगानी संभाव्यता अध्ययन गरिनेछ । कोषबाट संस्थालाई कर्जा उपलब्ध गराइसकेपछि समय-समयमा कर्जा सदुपयोगिताको निरीक्षण तथा अनुगमन गर्न सकिनेछ। निरीक्षण तथा अनुगमनका क्रममा माग गरिए अनुरूपका विवरण तथा जानकारीहरु उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

## १०. कर्जा असूली व्यवस्था सम्बन्धी शर्त

(क) कोषबाट प्रवाहित यस परिच्छेद अन्तर्गतको कर्जाको भुक्तानी अवधि एक वर्षको ग्रेस अवधिसहित तीन वर्षका हुनेछ।

(ख) यस्ता कर्जाको किस्ता अवधि छ/छ महिनाका छ वटा किस्ता हुनेछ।

(ग) कोषले उपलब्ध गराएका भुक्तानी तालिका अनुसार छ/छ महिनामा साँवा ब्याज बुझाउनु पर्नेछ।

(घ) कोषले तोकेका क्षेत्र बाहेक अन्य क्षेत्रहरूमा लगानी गरेमा वा भुक्तानी तालिका अनुसार रकम बुझाउन ढिला गरेमा दुई प्रतिशत थप हर्जाना ब्याज तिर्नुपर्नेछ।

(ङ) संस्थाले आफ्नो प्रगति विवरण छ/छ महिनामा कोषमा पेश गर्नु पर्नेछ।

(च) कोषबाट प्राप्त रकम ऋणीहरूलाई प्रदान गरेको तमसुकको प्रतिलिपि कोषमा पेश गर्नु पर्नेछ।

(छ) अन्य विषयहरूका हकमा या निर्देशिकामा तोकिएबमोजिम हुने र यसमा संशोधन भएमा संस्थाले सोही बमोजिम पालना गर्नु पर्नेछ।

## परिच्छे
## द-३

***ब्याजदर सम्बन्धी***
***व्यवस्था***



कानुनी राजपत्र

**१०.ब्याजदर** : (१) कोषबाट प्रवाह हुने कर्जाको ब्याजदर तथा सम्बन्धित संस्थाले आफ्ना सदस्यहरूबाट लिने ब्याजदर देहाय बमोजिम हुनेछ :-

(क) परिच्छेद-२ बमोजिम कोषबाट सम्बन्धित संस्थालाई वार्षिक **६**% ( प्रतिशत) ब्याजदरमा कर्जा उपलब्ध हुने ।

(ख) खण्ड (क) बमोजिम प्राप्त हुन कर्जाबाट सम्बन्धित संस्थाले आफ्ना सदस्यहरूलाई कर्जा प्रवाह गर्दा वार्षिक **३%** (प्रतिशत) भन्दा बढी नहुने गरी कर्जा उपलब्ध गराउनु पर्ने ।

(२) कोषबाट प्रवाह हुने कर्जाको ब्याज गणना गर्दा महिनाको तीस दिन र वर्षको तीन सय साठी दिन कायम गरिने ।

३.ब्याज लाग्ने अवधिको हिसाब गर्दा कोषसँग तमसुक गरी कोषको खाता खर्च भएको दिनबाट सुरु गरिनेछ ।

**१२.प्रशासनिक खर्च अनुदान** : परिच्छेद-२ बमोजिम सहकारी तथा गैर-सरकारी संस्था मार्फत विपन्न वर्गमा प्रवाह हुन गरी कोषबाट उपलब्ध गराइएको कर्जा भुक्तानी तालिका अनुसार तोकिएको समयमा चुक्ता गरेमा संस्थाले कोषलाई बुझाएको ब्याजको **पच्चिस प्रतिशतले** हुन आउने रकम प्रशासनिक खर्च अनुदान स्वरूप उपलब्ध गराइनेछ ।

**१३. हर्जाना ब्याज** : सहकारी तथा गैर-सरकारी संस्थाहरू मार्फत विपन्न वर्गमा प्रवाह हुने गरी कोषबाट प्रवाह भएका कर्जा सदुपयोग नभएमा वा भाखा नघाएमा देहाय बमोजिम कारवाही गरिनेछ :-

(क) कर्जा सदुपयोग भएको नपाइएमा कर्जा प्रवाह भएको शुरु मितिदेखि नै थप दुई प्रतिशतले हर्जाना ब्याज असुल गरिने ।

(ख) तोकिएको समयमा साँवा र ब्याज भुक्तानी नगरी भाखा नघाएमा भाखा नाघेको कर्जा रकममा भाखा नाघेको मितिदेखि थप दुई प्रतिशतले हर्जाना ब्याज असुल गरिने ।

(ग) कर्जा सदुपयोग नभएका खण्डमा तुरुन्तै कर्जा असुली गर्नेतर्फ कारवाही गरिने ।

परिच्छेद - ४

## *विविध*

**१४.कबुलियतनामा :** कोषबाट प्राप्त हुने कर्जाबाट सहकारी तथा गैर-सरकारी संस्थाहरूले आफना सदस्यहरूलाई प्रवाह गरेका कर्जा असुल उपर नभएमा संस्थाका सञ्चालकहरूले आफनो घर-घरानाबाट कोषलाई चुक्ता गर्नेछौ भनी अनुसूची-९ अनुसारको कबुलियतनामा कोषलाइ लेखी दिनु पर्नेछ ।

**१५. लेखापरीक्षण** : आर्थिक वर्ष समाप्त भएपछि कोषको लेखापरीक्षण कनकाई नगरपालिकाबाट नियुक्त लेखापरीक्षकबाट गराइनेछ ।

**१६.व्याख्या** : यो निर्देशिकाको व्याख्या गर्न अधिकार समितिलाई हुनेछ ।

**१७.अनुसूचीमा संशोधन** : अनुसूचीमा आवश्यक संशोधन वा थपघट गर्ने अधिकार समितिको अध्यक्षलाई हुनेछ ।

## अनुसूची - १

(दफा ४ को उपदफा (९) संग सम्बन्धित)

अख्तियारी

| सि.न. | कार्य विवरण | अख्तियार प्रयोग गर्ने निकाय/पदाधिकारी |
|---|---|---|
| १ | कोषको वार्षिक कार्यक्रम तथा बजेट | समिति |



कनकाई

| | | |
|---|---|---|
| | स्वीकृति। | |
| २ | स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तरगत रही अध्ययन, तालिम, गोष्ठी, सभा सेमिनार लगायतका कार्यक्रमहरुको संचालन । | समिति अध्यक्ष |
| ३ | समिति र उप समितिको बैठक भत्ता तथा खाजा खर्च निर्धारण तथा पुनरावलोकन । | समिति |
| ४ | निर्देशिकाको दफा ५ को उद्देश्य अनुरुप कोषबाट सहभागी तथा गैर सरकारी संस्थाहरु मार्फत प्रवाह हुने कर्जा स्वीकृति सीमाः क)रु........... लाख सम्म<br>ख)रू ........ लाख भन्दा माथिको कर्जा | समिति |
| ५ | कोषसँग सम्बन्धित दैनिक कार्य संचालन | समिति<br>सदस्य सचिव |
| ६ | स्वीकृत कर्जाको पहिलो तथा दोस्रो किस्ता प्रदान | समिति<br>सदस्य सचिव |

कनकाई राजपत्र

## अनुसूची - २

(दफा ६ का खण्ड (क) संग सम्बन्धित)

सहकारी तथा गैर सरकारी संस्थाले कनकाई नगरपालिका युवा स्वरोजगार कोष समक्ष ऋण माग गर्दा पेश गनुपर्ने विवरण तथा कागजातहरुः

१. संस्थाको भौगोलिक कार्यक्षेत्र :

२. संस्थाको कुल सदस्य संख्या :

(क) महिला सदस्य संख्या :

(ख) पुरुष सदस्य संख्या :

(ग) संस्थागत सदस्य :

३. सहकारीको अनुभव :

संस्थाको सञ्चालक समिति/कार्य समितिका सदस्यहरूको विवरण :

पदाधिकारीका नाम, थर र ठेगाना पद योग्यता अनुभव

१.

२.

३.

४.

५.

अन्य समिति/उप-समिति भएमा :

. . . . . . . . . . . . . . . . समिति/उप-समिति

पदाधिकारीका नाम, थर र ठेगाना पद योग्यता अनुभव

१.

२

३.

४.



कानुनकिताब

५.

४. संस्थाका बचत कार्यक्रम सम्बन्धी विवरण :

४.१ संस्थाल बचत कार्यक्रम शुरु गरेको मिति :-

सदस्य संख्या :-

४.२ हालको सदस्य संख्या :- बचतका ब्याजदर :-

(बिचबिचमा बचतका ब्याजदर परिवर्तन भएको भए मिति र बचत दर उल्लेख गर्ने)

४.३ बचत गर्ने अवधिः-साप्ताहिक/पाक्षिक/मासिक/वार्षिक

४.४ बचतको प्रकार :-क)नियमित बचत ख)ऐच्छिक बचत

ग)बाल बचत घ)खुत्रुके बचत

ङ)आवधिक बचत च)अन्य बचत

४.५ हालसम्मको कुल बचत रकम :- रु. ..............

४.६ बचतमा दिने ब्याजदर (बचतको प्रकार अनुसार) :

४.७ कर्जामा लिने ब्याजदर :

४.८ बचत र कर्जाको अधिकतम ब्याजदर बीचको अन्तर : . . .

५.संस्थाको शेयर सम्बन्धी विवरण :

(क) विनियममा उल्लेखित कुल शेयर रकम :

(ख) कुल शेयर बिक्री संख्या :

(ग) कुल शेयर बिक्री रकम :

६. सम्पूर्ण शेयर सदस्यहरूको शेयर, बचत तथा कर्जा रकम सहितको एकमुष्ट विवरण :-



कानुनपत्र

| सिनं. | नाम | शेयर संख्या | शेयर रकम | बचत सुरु गरेको मिति | बचत रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा | | | | | |

७.संस्थाबाट सदस्यहरुलाई प्रवाह गरेको कर्जाको उठाउन बाँकी कर्जा र भाखा नाघेको ऋणीहरुको विवरणः

| सिनं. | ऋणीको नाम | उद्देश्य | रकम | लगानी गरिएको मिति | भुक्तानी गर्नुपर्ने मिति | असुली रकम | बाँकी रकम | बाँकी मध्ये भाखा नाघेको रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

८.संस्थाको कर्जा लगानी नीति संक्षेपमा उल्लेख गर्नेः

९.संस्थाको कर्जा असुली नीति संक्षेपमा उल्लेख गर्नेः

१०.संस्थाले विगत ३ वर्षमा सम्पन्न गरेको आर्थिक/सामाजिक कामको विवरणः

कार्यक्रमको नाम लाभान्वित सदस्य संख्या रकम



कानूनपत्र

१.

२.

३

११.संस्थाले अन्य सरकारी तथा गैर सरकारी संस्थाबाट कुनै प्रकारको वित्तीय वा अन्य सहयोग प्राप्त गरेको भए

सो को विवरण:

कार्यक्रमको नाम लाभान्वित सदस्य संख्या लागत रकम स्रोत

१. २.

१२.हाल विपन्न वर्गका सदस्यको लागि सञ्चालन गर्न लागेको प्रस्तावित आय एवम् स्वरोजगारमूलक

व्यवसायहरुको विवरण:

| सि.नं. | उद्देश्य | ऋण माग गर्ने | सदस्य संख्या | आवश्यक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

१३.आवेदन माग गर्दाको पछिल्लो आर्थिक वर्षको वासलात , नाफा-नोक्सान/आय व्यय विवरण सहितको

लेखा परीक्षण प्रतिवेदन ।

१४.कोषमा कर्जाको लागि प्रस्ताव पेश गर्नु भन्दा अघिल्लो महिनाको नाफा नोक्सान खाता/आय व्यय

विवरण र वासलात ।



कानुनकिताब

१५. कर्जा लिन चाहने सदस्यहरुको अनुसूची-३ अनुसारको व्यक्तिगत आवेदन फराम र अनुसूची-४ अनुसारको सदस्यहरुको विवरण ।

१६. संस्था दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

१७.संस्थाको विनियम/विधानको प्रतिलिपि ।

१८.संस्थाको सञ्चालक समिति/कार्य समितिको बैठकले कोषबाट कर्जा माग गर्ने सम्बन्धमा गरेको

निर्णयको प्रतिलिपि ।

१९.सहकारी संस्थाको हकमा नेपाल राष्ट्रिय बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको सदस्यता

प्राप्त गरेको भए सो प्रमाण-पत्रको प्रतिलिपि ।

२०.गैर-सरकारी संस्थाले नेपाल राष्ट बैंकबाट वित्तीय मध्यस्थताको कारोवार गर्नेसम्बन्धमा अनुमति-पत्र प्राप्त गरेको हुनुपर्ने र सो को प्रतिलिपि पेश गर्नु पर्ने तथा सहकारी संस्थाको हकमा नेपाल राष्ट बैंकबाट सीमित बैंकिङ कारोवार गर्न अनुमति-पत्र प्राप्त गरेको भए सोको प्रतिलिपि समेत ।

२१.गैर-सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा आबद्ध भएको भए सो को प्रमाण-

पत्रको प्रतिलिपि ।

२२. संस्थाको ऋण माग आवेदनमा निम्न कुराहरू उल्लेख हुनुपर्ने :

क) कर्जा माग गर्ने सदस्यहरू नियमित बचतकर्ता रहेको र त्यस्ता सदस्यलाई प्रदान गरेको

कर्जा हालसम्म भाखा ननाघेको व्यहोरा ।



कानुनपत्र

ख) उपरोक्त विवरण सही साँचो हो झुठो ठहरे कानून बमोजिम सहुला बुझाउँला भनी

संस्थाबाट स्वघोषणा गर्नुपर्ने ।

अधिकार प्राप्त
व्यक्तिको :
दस्तखतः
नामः

पदः

मितिः

संस्थाको छापः

**अनुसूची - ३**

(दफा ६ का खण्ड (क) संग सम्बन्धित)

संस्थाको नाम :

***कर्जा लिन चाहने सदस्यका व्यक्तिगत आवेदन फाराम***

१. कर्जा माग गर्ने सदस्यको नामथर : श्री

ठेगाना : गा.पा./न.पा. :– वडा नं. :–
टोल :–

२. बाजे/ससुराको नाम :

३. नागरिकता :

४.बाबु/पति/पत्नीको नाम :

५.परिवार संख्या :



कानूनी सहायता

(क) परिवारमा काम गर्न सक्नेको संख्या :

(ख) काम गर्न नसक्ने (बालक, वृद्ध, अपाङ्ग) को संख्या :

६. संस्थामा शेयर किनेको रकम : रु.

७. संस्थामा बचत गरेको कुल रकम : रु.

८. परिवारसँग रहेको आर्थिक स्रोत तथा साधन (कमाउने साधन)

(क) घरको विवरण :

(ख) जम्मा जग्गा (रोपनी/बिगाहा) :

खेत : रोपनी/बिगाहा

बारी : रोपनी/बिगाहा

(ग) पशु (गाई/गोरु/भैंसी/बाखा/सँगुर) संख्या :

(घ) पंक्षी (हाँस/कुखुरा/परेवा) संख्या :

(ङ) परिवारमा स्थायी नोकरी गर्नेको संख्या :

(च) अन्य यन्त्र, उपकरण तथा औजारहरू :

(छ) घरजग्गा, पशुपंक्षी र आर्थिक साधनहरूको अनुमानित मूल्य : रु.

९. परिवारसंग भएका सीप :

१०. परिवारको वार्षिक आम्दानी : रु.

११. आफू र आफ्ना परिवारको कुनै सदस्यले अन्य बैक तथा वित्तीय संस्थाबाट कर्जा लिई तिर्न बाँकी रकम छ/छैन ? छ भने रु.

१२. कर्जा प्राप्त गरी सञ्चालन गर्न चाहेको व्यवसाय :

१३. व्यवसाय सञ्चालन गर्न आवश्यक परेको कर्जा रकम : रु. .



कानुनी राजपत्र

१४.उक्त व्यवसाय गरेमा थप वार्षिक वृद्धि हुन सक्ने अनुमानित आय रु.

१५. उक्त व्यवसायको बजार व्यवस्था :

**फारम भराउने संस्थाको** **निवेदकको सहीछापः**

प्रतिनिधिको सहीछापः नामः

## अनुसूची-४

(दफा ६ को खण्ड -क) संग सम्बन्धित)

सरकारी/गैर सरकारी संस्थाको नामः

कर्जा लिन चाहने सदस्यहरुको विवरण

| क्र. सं. | सदस्यको नाम थर | ठेगाना | बाजे/ससुराको नाम | बाबु/पति पत्निको नाम | घरको विवरण | जग्गा विवरण। | नोकरी छ/छैन | ऋण माग गरेको उद्देश्य | ऋण माग गरेको रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

कर्जा लिन चाहने उपरोक्तानुसारका सदस्यहरूका सम्बन्धमा देहाय बमोजिमको व्यहोरा प्रमाणित गरिन्छः :

१) उपरोक्तानुसारका सदस्यहरू संस्थाको नियमित बचतकर्ता रहेका छन ।

२) निजहरूले संस्थाबाट कर्जा लिएको/नलिएको र कर्जा लिएकाको हकमा कर्जाका कुनै पनि किस्ताल भाखा नाघेको छैन ।

अधिकार प्राप्त व्यक्तिको

दस्तखत:

नाम:

पद:

मिति:

संस्थाको छाप:

कानुन किताब

अनुसूची -५

(दफा ६ को खण्ड -ग) संग सम्बन्धित)

***सहकारी संस्थाको पूर्व लगानी संभाव्यता अध्ययन प्रतिवेदन:***

१.सहकारी तथा गैर-सरकारी संस्थाको नाम:

१.१ ठेगाना:

१.२ सम्पर्क फोन: अध्यक्ष / व्यवस्थापक,

१.३ कूल सदस्य संख्या:

क)पुरुष:

ख)महिला:

२. सहकारी तथा गैर-सरकारी संस्थाको दर्ता नं. र मिति:

दर्ता नं.: मिति:

दर्ता गरेको कार्यालय: संस्थाको कार्यक्षेत्र:

२.१ गैर-सरकारी संस्था भएमा समाज कल्याण परिषदमा दर्ता भएको

दर्ता नं.: दर्ता मिति:

कानुनी राजपत्र

३. ऋण माग गर्ने व्यक्तिहरू लक्षित वर्गभित्र पर्ने/नपर्ने :

४. ऋण माग गने व्यक्तिहरूको भाखा नाघेको कर्जा रहे/नरहेको :

५. ऋण माग गर्न व्यक्तिहरू नियमित बचतकर्ता भए/नभएको :

६. प्रस्तावित उद्योग/सेवा/व्यवसाय कोषको नीति अन्तर्गत पर्ने/नपर्ने :

७. प्रस्तावित उद्योग/सेवा/व्यवसायका किसिम : निर्देशिकाको दफा ७ बमोजिम ।

८. संस्थाका योग्यता :

८.१ दर्ता प्रकृया नियमानुसार छ/छैन :

८.२ बचत संकलन शुरु गरेको मिति : सदस्य संख्या :

८.३ नियमित बचत गर्ने सदस्यको प्रतिशत :

८.४ मिति : सम्मको बचत रकम रु :

बचत दर :

बचतमा दिने ब्याजदर :

८.५ मिति : सम्मको शेयर रकम :

प्रति शेयर मूल्य : शेयर बिक्री संख्या :

संकलित शेयरपुँजी रकम संस्थाको विनियममा उल्लेख भएका कुल शेयर पुँजीको कति प्रतिशत छ : . . . . . . . . . . प्रतिशत ।

संकलित बचत रकम शेयर पुँजीको कति गुणा छ : . . . गुणा ।

८.६ मिति : सम्म लगानीमा रहिरहेको ऋण विवरण :



नेपाल राजपत्र

ऋणी संख्या : ऋण रकम :

ऋणमा लिने ब्याजदर :

बचत र ऋणको अधिकतम ब्याजदर बिचका अन्तर : . . . . प्रतिशत ।

८.७ मिति सम्म संस्थाको लगानीमा रहिरहेका कर्जामा भाखा नाघेको विवरण (संलग्न राख्ने) :

भाखा नाघेको कर्जाको प्रतिशत :

८.८ लेखा प्रणाली :

८.८.१ दोहोरो लेखा प्रणाली अनुसार छ/छैन :

८.८.२ प्रत्येक वष लेखा परीक्षण भए/नभएको :

८.९ यसभन्दा पहिले कोषबाट कर्जा लिए/नलिएको
:

यदि लिएका भए (पछिल्लो पटक लिएको कर्जाको विवरण दिने) :

पटक : मिति :

चुक्ता मितिः- रकमः-

लाभान्वित परिवार संख्या-

८.१० प्रशासनिक अनुदान प्राप्त गरेको/नगरेको :

गरेको भए :

मिति : रकम :

८.११कोषबाट कर्जा अस्वीकृत भए/नभएको ? अस्वीकृत भएका भए अस्वीकृत भएका मिति :

कानुनी आयोग

९. न.पा.ले तोकेको ........... का प्राथमिकताभित्र संस्था पर्ने/नपर्ने :

१०. संस्था सम्बन्धी :

१०.१ प्रस्तावित कर्जाबाट लक्षित वर्गका आयस्तर सुधार गन सहयोग पुग्ने/नपुग्ने

१०.२ संस्थाले नियमित बचतका लागि प्रोत्साहन गरे/नगरेको :

१०.३ संस्थाबाट लगानी भैरहको कर्जा उद्देश्य अनुसार सदुपयोग हुने/नहुने गरेको :

१०.४ लगानी भएका कर्जाको नियमित अनुगमन गर्ने गरे/नगरेको :

१०.५ सदस्यहरूमा सीपमूलक तालीमहरू सञ्चालन गर्ने गरे/नगरेको :

१०.६ डुबन्ते ऋण कोष वा ऋण जोखिम कोषको व्यवस्था गरे/नगरेको :

गरेको भए भाखा नाघेका कर्जा रकम :

११. सञ्चालक समिति/कार्य समितिको विवरण :

| सि.नं. | नाम | पद | योग्यता | पेशा | अनुभव |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

कानूनकिताब

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |

१२. सञ्चालक/कार्य समितिमा एकभन्दा बढी एकाघर परिवारका सदस्य संलग्न भए/नभएको ?

भएमा विवरण दिने :

१३. संस्थामा कुन कुन उप-समिति गठन भएका छ/उल्लेख गर्ने ।

(क) लेखा समिति :

(ख) ऋण समिति :

(ग) अन्य समिति (उल्लेख गर्ने) :

१४.संचालक कार्य समितिको बैठक नियमित बस्ने गरेको/नगरेको :

बैठक बसेको संख्याः पटक मितिः देखि सम्म)

बैठक बस्नु पर्ने संख्याः पटकः

१५. साधारण सभा नियमित गर्ने गरे/नगरेको :

पछिल्लो साधारणसभा गरेका मिति र सो मितिसम्मको सदस्य संख्या :

नेपाल राजपत्र

साधारण सभामा उपस्थित सदस्य संख्या र प्रतिशत :

१६.ऋण माग गर्ने सदस्यहरुको संस्थामा भाखा नाघेको कर्जा बाँकी रहेको/नरहेको:

१७.पछिल्लो अवधिको वित्तीय स्थिति:

१८. पछिल्लो अवधिको आय – व्यय स्थिति :

१८.१ नाफा-नोक्सान/आय-व्यय विवरण संलग्न राख्ने

आ.ब. खुद नाफा रु.

१८.२ वासलात संलग्न राख्ने ।

आ.ब. जगेडा कोष रु.

१८.३ सञ्चालन मुनाफा रु:

१९ नजिकको बैंक तथा वित्तीय संस्थाबाट ऋण माग गर्ने सदस्यले कर्जा लिए / नलिएको :

| क.स | ऋण लिने सदस्यको नाम | ऋण लिएको बैंक वा वित्तीय संस्था |
|---|---|---|
| १. | | |
| २. | | |

२०. उद्देश्य अनुसार कर्जाको माग विवरण : ( कुन उद्देश्यका लागि कर्जा माग गरेको हो स्पष्ट खुलाउने । जस्तै : तरकारी खेती, बाख्रापालन आदि)

| सि.न | उद्देश्य | सङ्ख्या | कर्जा माग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |



नेपाल राजपत्र

| जम्मा | | | |
|---|---|---|---|

२१. ऋण माग गरेको मध्ये कट्टा गरिएको ऋणको विवरण :

| सि.न | ऋण माग गर्नेको नाम | उद्देश्य | रकम | कट्टा गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| जम्मा | | | | |

२२. स्वीकृतिका लागि सिफारिस गरिएको कर्जाको विवरण : (कुन उद्देश्यका लागि कर्जा माग गरेको हो, सो स्पष्ट खुलाउने । जस्तै : तरकारी खेती बाख्रापालन आदि)

| सि.न | उद्देश्य | लाभान्वित परिवार | संस्थाको स्रोतबाट रु | कोषको तर्फकाट रु | जम्मा रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

संस्थाको नाम र ठेगाना : ...................................

कर्जा स्वीकृतिका लागि सिफारिस गरिएका सदस्यहरुको विवरण :

(कुन उद्देश्यका लागि कर्जा माग गरेको हो सो स्पष्ट खुलाउने ।

जस्तै : तरकारी खेती , बाख्रापालन , भैंसीपालन आदि)

कानुनी राजपत्र

| त्र.स | सदस्यको नाम, थर | ठेगाना | ऋणको उद्देश्य | कोषको तर्फबाट | संस्थाको तर्फबाट | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| कुल : | | | | | | |

***२३. उद्देश्य अनुसारको कर्जाको माग विवरण:***

| क्र.सं. | उद्देश्य | संख्या | कर्जा माग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी खेती लगायतका साना तिना कृषि व्यवसाय , | | | |
| २ | पशुपक्षी पालन, | | | |



कानुन व्यवसायी राजपत्र

| | | | | |
|---|---|---|---|---|
| ३ | स्वरोजगार मूलक एवम् आयमूलक व्यवसायहरू : हेयरकटिङ्ग लगायतका सानातिना व्यवसाय, | | | |
| ४ | मत्स्यपालन, | | | |
| ५ | अन्य (ब्युटीपार्लर, सिलाई बुनाई, प्लमविङ्ग, इलेक्ट्रीसियन इत्यादी) | | | |
| जम्मा | | | | |

ऋण माग गरेको मध्ये कट्टा गरिएको ऋणको विवरण:

| सि.न. | ऋण माग गर्नेको नाम | उद्देश्य | रकम | कट्टा गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| | | | | |

स्वीकृतिका लागि सिफारिस गरिएको कर्जाको विवरण:

| सिनं. | उद्देश्य | लाभान्वित परिवार | संस्थाको श्रोतबाट रु | कोषको तर्फबाट रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

संस्थाको नामः..........................................

कर्जा स्वीकृतिका लागि सिफारिस गरिएका सदस्यहरुको विवरण:

| क्रसं. | सदस्यको नाम थर | ठेगाना | ऋणको उद्देश्य | कोषको तर्फबाट | संस्थाको तर्फबाट | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| कूलः | | | | | | |

प्रतिवेदन पेश कर्ताः दस्तखतः

दस्तखतः नामः

पदः पदः

मितिः मितिः

२१.निरीक्षण टोलीको राय तथा सुझाव :

प्रतिवेदन पेशकर्ता :

दस्तखत : दस्तखत :

नाम : नाम :

पद : पद :

कोड नं. कोड नं.

मिति : मिति :

## अनुसूची -६

(दफा ९ सँग सम्बन्धित)

१.संस्थाको नामः

कोषबाट प्राप्त कर्जा रकमः रु.

संस्थाको बैंक खातामा रकम जम्मा भएको मितिः

३. कोषबाट प्राप्त भएको कर्जाबाट लगानी गरेका विवरण :

४. ऋणीहरूले लिएका कर्जा सदुपयोग गरे/नगरेको :

नगरेको पाइएमा उल्लेख गर्ने :

ऋणीको नाम थर/ठेगाना ऋण रकम

१.

२.

३.

४.

५.कोषबाट प्राप्त कर्जाबाट लगानी गरेको लगानी/असुली विवरण (विवरण संलग्न गर्नेः

६. संस्थाले लगानी गरेको कर्जाका अनुगमन गर्ने गरेको छ/छैनः-

७. संस्थाका मिति सम्मका बचत विवरणः-

सदस्य संख्या : नियमित बचत गर्ने सदस्य संख्या :

बचत दर : बचत रकम : रु.

प्रतिशत :

कानुनराजपत्र

८. संस्थाका हालसम्मको शेयर विवरण :

सदस्य संख्या : शेयर बिक्री संख्या :

शेयर रकम :

९. संस्थाको हालसम्म लगानीमा रहिरहेको कर्जा विवरण :

ऋणी संख्या : कर्जा रकम :

ब्याजदर :

१०. संस्थाको लगानीमा रहिरहेको कर्जामा भाखा नाघेको कर्जाको विवरण :

(विवरण संलग्न गर्ने)

११. सञ्चालक समिति/कार्य समितिका बैठक नियमित बस्न गरे/नगरेको :

बैठक बसेको संख्या :

बैठक बस्न पर्ने संख्या : वार्षिक . . . पटक।

१२. साधारण सभा नियमित गर्ने गरे/नगरेको :

साधारण सभामा उपस्थित सदस्य संख्या प्रतिशत समेत : संख्या .... ( .प्रतिशत)

१३. सञ्चालक समिति/अन्य उप-समितिहरूमा परिवर्तन भएका छ/छैन :

(छ भने उल्लेख गर्ने )

| सि.नं. | कार्यसमितिको विवरण | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

कानुनी राजपत्र

| | | |
|---|---|---|
| | | |

लेखा समिति

| सि.नं. | कार्यसमितिको विवरण | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

ऋण उप-समिति

| सि.नं. | कार्यसमितिको विवरण | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

१४. पछिल्लो वित्तीय स्थिति (बाह्य लेखापरीक्षकद्वारा परीक्षण भएको पछिल्ला विवरण र

पूर्व लगानी अध्ययन गर्दाका समयको पछिल्लो समेत समावेश गर्ने) :

१. नाफा-नोक्सान/आय-व्यय विवरण

२. वासलात

१५. कनकाई नगरपालिकाको युवा स्वरोजगार कोषले तोकेको शर्तहरू पालना गरेको छ/छैन ? ......

अधिकारप्राप्त व्यक्तिको :

दस्तखत :

नाम : पद :

मिति :

संस्थाको छाप :

द्रष्टव्य : आवश्यक देखेमा यस्तो सदुपयोगिता निरीक्षण कोष आफैले समेत गर्न सक्नेछ र यसरी निरीक्षण गरिएका अवस्थामा सम्बन्धित निरीक्षण टालीले आफ्नो राय तथा सुझाव सहित समिति समक्ष छुट्टै प्रतिवेदन पेश गर्नु पर्नेछ ।

कनकाई राजपत्र

## अनुसूची - ७

(दफा ६ का खण्ड (ठ) को उपदफा २ संग सम्बन्धित)

### अर्ध- वार्षिक प्रगति प्रतिवेदन

संस्थाका नाम/ठेगाना :

टेलिफोन नं. :

सम्पक व्यक्ति :

भौगोलिक कार्यक्षेत्र :

| क.सं. | विवरण | गत अर्ध वार्षिक सम्मको | यस अर्ध वार्षिकको | जम्मा |
|---|---|---|---|---|
| | | १ | २ | ३(१+२) |
| १ | सदस्य संख्याः | | | |
| | क)पुरुष | | | |
| | ख)महिला | | | |
| २ | शेयर पुँजी | | | |
| ३ | जगेडा कोष | | | |
| ४ | अन्य कोषहरु | | | |
| ५ | कर्मचारी संख्या | | | |
| ६ | बचत गर्ने सदस्य संख्याः | | | |
| | क)व्यक्तिगत सदस्य | | | |

| | | | | |
|---|---|---|---|---|
| | ख)संस्थागत सदस्य | | | |
| ७ | बचतको व्याजदरः | | | |
| | क)न्यूनतम | | | |
| | ख)अधिकतम | | | |
| ८ | कुल बचत रकम | | | |
| | क)नियमित बचत | | | |
| | ख)ऐच्छिक बचत | | | |
| | ग)बाल बचत | | | |
| | घ)आवाधिक बचत | | | |
| | ङ)नियमित बचत गर्ने सदस्यः | | | |
| | च)अन्य | | | |
| ९ | दायित्वः | | | |
| | क)कोषबाट प्राप्त ऋृण | | | |
| | ख)बाह्य ऋृण | | | |
| १० | अन्य दायित्व | | | |
| ११ | नगद मौजदात | | | |
| १२ | बैंक मौजदात | | | |
| १३ | लगानी रहि रहेकोः | | | |

कानुनपत्र

| | | | | |
|---|---|---|---|---|
| | क)कुल कर्जा रकम | | | |
| | ख)भाखा नाघेको कर्जा रकम | | | |
| | प्रतिशत | | | |
| १४ | आम्दानीः | | | |
| | क)ऋण सापटीमा व्याज आम्दानी | | | |
| | ख)सदस्यता शुल्क | | | |
| | ग)हर्जना व्याज | | | |
| | घ)शेयर लगानीबाट प्राप्त आम्दानी | | | |
| | ङ)सामान बिक्रिबाट प्राप्त आम्दानी | | | |
| | च)प्रवेश शुल्क | | | |
| | छ)अन्य | | | |
| १५ | खर्चः | | | |
| | क)ऋण सापटीमा व्याज | | | |
| | ख)बचतमा व्याज | | | |
| | ग)कर्जा बीमा खर्च | | | |
| | घ)प्रोत्साहन खर्च | | | |
| | ङ)कार्यालय संचालन खर्च | | | |
| | अ)तलव/पारिश्रमिक | | | |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| | आ)तालिम | | | |
| | इ)अन्य प्रसाशनिक खर्च | | | |
| | च)ह्रास कट्टी | | | |
| | छ)शंकास्पद कर्जा व्यवस्था | | | |
| | ज)अन्य | | | |
| १६ | संञ्चालन नाफा/नोक्सान(१४-१५) | | | |
| १७ | प्राप्त अनुदान | | | |
| १८ | खुद नाफा/नोक्सान(१६+१७) | | | |
| १९ | संचालक समितिकोः | | | |
| २० | क)बैठक बसेको संख्या | | | |
| | ख)उपस्थिति प्रतिशत | | | |
| २१ | क)पछिल्लो सभा भएको मिति | | | |
| | ख)उपस्थिति संख्या | | | |
| | ग)उपस्थिति प्रतिशत | | | |
| | विविधः(अन्य गतिविधी भए सो समेत उल्लेख गर्ने) | | | |
| २२ | क) | | | |
| | ख) | | | |

| | | | | |
|---|---|---|---|---|
| | ग) | | | |

अधिकार प्राप्त व्यक्तिको:

दस्तखत:

नाम:

पद:

मिति:

संस्थाको छाप:

कानून किताब व्यवस्था समिति राजपत्र

अनुसूची -८

(दफा २५ संग
सम्बन्धित)

## सहकारी तथा गैरसरकारी संस्थाले गर्नुपर्ने कवुलियतनामाको ढाँचा

लिखितम कनकाई नगरपालिकाको युवा स्वारोजगार कोषबाट कर्जा लिने सन्दर्भमा ..................जिल्ला ................स्थित श्री ...........................................सहकारी संस्था/गैर-सरकारी संस्थाले कोषबाट रु. ..................... कर्जा प्राप्त गरेको ठीक साँचो हो । उक्त कर्जा रकम क.न.पाको युवा स्वरोजगार कोष सञ्चालन निर्देशिकाको अधीनमा रही हाम्रो संस्थाको कार्यक्षेत्रमा आयमूलक तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्नका लागि परिचालन गर्ने र तोकिएको समयभित्र सम्पूर्ण साँवा तथा ब्याज रकम कोषलाई चुक्ता गर्नेछौ भनि संस्थाका तर्फबाट अख्तियार प्राप्त सञ्चालक/कार्य समितिका हामी तपसीलका पदाधिकारीहरूले कोष समक्ष यो कबुलियतनामा गरेका छौ । कथंकदाचित क.न.पा.को युवास्वरोजगार कोषको नियमानुसार कर्जा सदुपयोग नगरेमा वा हाम्रो संस्थाका सदस्यहरूले साँवा र ब्याज रकम बुझाउन नल्याएमा वा प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा संस्था र हाम्रो व्यक्तिगत घर-घरानामा रहेका चल अचल सम्पत्तिबाट सम्पूर्ण बक्यौता रकम क.न.पा युवा स्वरोजगार कोष सञ्चालन कार्याविधि, २०७५ बमोजिम असुल उपर गरी लिनु भनी हाम्रा मनोमानी राजीखुशीका

साथ यो कबुलियतनामा लेखी सही छाप गरी क.न.पाको युवा स्वारोजगार कोषको सचिवालय कनकाई नगरकार्यपालिकाको कार्यालय, जामुनबारी, झापामा बुझायौं ।

कबुलियतनामा गने सञ्चालक समिति/कार्य समितिका पदाधिकारीहरू :



कनकाई नगरपालिका

| सिनं. | पद | नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

इति सम्बत्
२०........साल...................महिना...........
गते.................रोज शुभम्

संस्थाको छाप

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कानुनी दस्तावेज/watermark: कनकाइ राजपत्र